# ह्योल्मो जातिको प्रथाजनित प्रणाली "ह्युलठिम"

कुमार यात्रु/टाँसी लामा ह्योल्मो

**लेखसार**

*सिन्धुपाल्चोक जिल्लाको हेलम्बु क्षेत्रलाई थातथलो भएका ह्योल्मो समुदायले आधुनिक राज्यको अवधारणा आउनुअघि प्रथाजनित स्वशासन प्रणाली 'ह्युलठिम' अभ्यास गर्थे । ह्युलठिम प्रणालीले ह्योल्मोहरूको भाषा, संस्कृति, धार्मिक आस्था, प्रथा, परम्परा, सामाजिक तथा आर्थिक जीवनशैलीलाई निरन्तरता प्रदान गर्न र पुस्तान्तरण प्रक्रियमामा महत्त्वपूर्ण योगदान पुऱ्याउँदै आएको छ । गुम्बाका लामा, सामुदायिक अगुवा गोवा, कार्य पद्धति हेरेर चिवा र लुङ्बाजस्ता परम्परागत पदाधिकारीहरूले प्रथाजनित प्रणाली ह्युलठिमको कार्यपालिकाको भूमिका निर्वाह गर्दछन् । ह्युलठिममा शक्तिको स्रोत डेजाङ अर्थात सम्पुर्ण जनतामा हुन्छ, जसलाई व्यवस्थापिकाको रूपमा लिने गरिन्छ । ह्युलठिमले प्रथाजनित कानून निर्माण गरेर आफै कार्यन्वयन गर्दछ । ह्योल्मो समाजमा सोनाम ल्होछार, ञ्युङने, छेच्यु, न्हारा, म्हानी बुम, बुद्धजयन्ती, सागादावा, ह्याएलगायतका चाडपर्वहरूको व्यवस्थापन र सञ्चालनमा ह्युलठिमले विशेष भूमिका निर्वाह गर्दछ । यसैगरी प्राकृतिक स्रोत साधनको संरक्षण, उपभोग र नियन्त्रणमा भूमिका खेलेको हुन्छ । न्यायपालिकासम्बन्धी कर्तब्य अन्तर्गत ह्युलठिमले दण्ड जरिवानाको समेत व्यवस्था गरेको हुन्छ । गुम्बाको परम्परा र आदेश उल्लङ्घन भएमा ह्युलठिमले कारबाही गर्दछ ।*

**शव्दकुञ्जी :** ह्युलठिम, परम्परागत कानून, गोवा, लामा स्याल्गर, चिवा ।

## १. परिचय

प्रथाजनित स्वशासन प्रणाली आदिवासी जनजातिहरूको पृथक सामाजिक, आर्थिक, सांस्कृतिक तथा भाषिक लगायतका सवालमा उनीहरूको पहिचानसँग जोडिएको विषय हो । यही पहिचानले फरक अस्तित्व भएको जातिका रूपमा आदिवासी जनजातिलाई अन्तर्राष्ट्रिय र राष्ट्रिय कानूनले परिभाषित गर्दछ । प्रथाजनित कानून तथा प्रथाजनित स्वशासनको समान सर्वस्वीकृत परिभाषा उपलव्ध छैन । तर बङ्गलादेशका अभियन्ता तथा अनुसन्धनकर्ता राजादेवासिश राय (सन् २००५) ले आफ्नो पुस्तक 'ट्रेडिशनल कस्टोमरी लज् एन्ड इन्डिजिनियस पिपल्स इन एसिया' मा परिभाषा दिदै विस्मृतिमा गइसकोको प्राचीन साझा ज्ञान नै प्रथाजनित शासन भएको उल्लेख गरेका छन् । रायको परिभाषामा प्रथाजनित शासन प्राकृतिक आवश्यकताबाट विकसित भएको हो । प्रथाजनित शासनका ढाँचाहरू पुस्ता हस्तान्तरणका माध्यमले प्रचलनमा रहेका हुन्छन् र समयक्रममा परिमार्जित पनि हुँदै जान्छ । उनका विचारमा संसारमा चलेका सबै परम्परागत कानून र प्रथाजनित संस्था तथा स्वशासन पद्धति प्राचीन भने होइनन् । साथै सबै प्रथाजनित कानूनहरू सक्रिय पनि छैनन् । टहल थामी (सन् २०२४) काा विचारमा आदिवासीको विश्वासमा आधारित मानक, मूल्य र मान्यता नै प्रथाजनित शासन हो । उनले प्रथाजनित

स्वशासन प्रणालीलाई सामाजिक सुव्यबस्था कायम राख्न र प्रकृति, वातावरण, भूमि र वनस्पति, जिवित तथा निर्जिव हरेक प्राणी र वस्तुको हेरचाह गर्ने प्रणाली भनेका छन् । समाजशास्त्री कृष्ण भट्टचन (सन् २०२३) आदिवासी जनजातिको प्राकृतिक अधिकारको अभ्यासलाई प्रथाजनित स्वशासन भन्न रुचाउँछन् । उनको धारणामा बाह्यशक्ति वा उपनिवेशविनै आदिवासी जनजातिको आध्यात्मिक शक्ति, पारस्परिक आत्मसम्मान, स्वतन्त्रता, सामूहिक शक्तिको अभ्यास नै प्रथाजनित स्वशासन प्रणाली हो । समग्रतामा प्राकृतिक कानूनका आधारमा प्रथाजनित स्वशासन चलेको हुन्छ । यससम्बन्धी अध्ययन गर्ने अध्येताहरूले प्रथाजनित स्वशासन प्रणालीमा विश्वास प्रणाली, परम्परागत कानून, सामुदायिक अभलिख, स्वास्थ्य उपचारलगायतका ज्ञान प्रणाली र साझा र सामूहकि भलाइ निर्दिष्ट भएको उल्लेख गरेका छन् ।

समाजमा सामाजिक एकता, मेलमिलाप कायम गर्ने मौलिक न्यायप्रणाली, प्राकृतिक स्रोतको संरक्षण गर्ने ज्ञान प्रणालीलाई निरन्तरता दिदै प्रथाजनित स्वशासन प्रणालीको अभ्यास भइरहेको हुन्छ । प्रथाजनित स्वशासन मूलतः मौखिक प्रणाली हो । यो प्रणाली केवल श्रुतस्मृतिका आधारमा पुस्ताहस्तान्रण हुँदै चलेको हुन्छ । हरेक समुदायले फरकफरक ढाँचामा वंशजको सम्झना गर्ने परस्परा स्थापित गरेका हुन्छन् । प्रथाजनित संस्थाहरू यस्तै स्मृतिबाट विकास भएको संस्था हो । यो संस्थाले समुदायको साझा मुद्दा र सवालमा नियमन गर्ने गर्दछ । वास्तवमा सामाजिक, सांस्कृतिक अभ्यासको निरन्तरता दिदै हालसम्म प्राथाजनित स्वशासन प्रणाली अभ्यासमा रहेको पाइन्छ । प्रथाजनित स्वशासन प्रणाली सामुहिक निर्णय प्रक्रियाको आदिम लोकतन्त्र हो । ह्योल्मो आदिवासीहरूको ह्युलठिम प्रथाजनित संस्था पनि यही पृष्ठभूमिमा स्वचालित रहेको छ । ह्योल्मो आदिवासीको आफ्नो थाकथलो रहेको स्थानमा प्रथाजनित संस्थाका रूपमा ह्युलठिम प्रचलित छ । यसले ह्योल्मो् समाजलाई सुव्यवस्थित बनाउन र प्रथा परम्पराको संरक्षण गर्न सहयोग गरेको हुन्छ । ह्योल्मो जातिको प्रथाजनित स्वशासन प्रणालीको सङ्गठन, न्यायप्रणाली र विशेष संरचना अभ्यासमा रहेको छ । यिनै अभ्यासलाई ह्योल्मो जातिको ह्युलठिम प्रथाजनित स्वशासनका रूपमा यहाँ चर्चा गरिएको छ । यो अध्ययनबाट ह्योल्मो आदिवासीको लोपोन्मुख संस्कारको अभिलेखन हुने र सामाजिक एकताको प्रवर्द्धन हुने उद्देश्य राखिएको छ ।

## २. ह्योल्मोको सङ्क्षिप्त परिचय

नेपालको प्राचीन जाति ह्योल्मोको इतिहास सम्भोटा लिपिसँग जोडिएको कतिपयको धारणा रहेको छ । ह्योल्मो जातिलाई 'योल्मोपा' भन्नुपर्ने तर्क पनि पाइन्छ । वि.सं. २०४७ अघि ह्योल्मोहरू शेर्पा, तामाङ, लामा आदि समुदायको रूपमा आफुलाई चिनाउदै आएका थिए । आदिवासी जनजाति उत्थान राष्ट्रिय प्रतिष्ठान ऐन, २०५८ जारी भएपछि आदिवासी ह्योल्मो जातिको पहिचान सुनिश्चित भएको हो । ह्योल्मो मूलतः बौद्ध धर्मावलम्बी हुन् । उनीहरू बौद्ध धर्मको ञिङमापा (पुरानो) मा आधारित बज्रयाना सम्प्रदायका प्रवर्द्धक गुरु रिन्पोछेका अनुयायीका रूपमा स्थापित छन् । बौद्ध धर्मका महागुरु गुरु रिन्पोछे तथा महायोगी झिचेन मिलारेपाका साथै डागछ् याङ शाक्या शाङपो, लामा गोछङ् रीन्छ्येन (ग्याल्वा गोछाङ् पा) आदिले ह्योल्मो भूमिमा ध्यान तपस्या गरेको हुनाले ती महान् तपस्वी लामा, गुरु एवं योगीहरूसँग आफ्नो पुर्ख्योली सम्बन्ध भएको विश्वास गर्दछन् । उनीहरू त्यस क्षेत्रमा रहेको दोर्जे ल्हेग्पा, गेञेन लेरु, छिरिङ चेङा, झयोवो छ्याती आदि पर्वतहरूसँग ह्योल्मो जातिको धार्मिक सम्बन्ध रहेको दाबी गर्छन् ।

आफ्नो छुट्टै संस्कृति, परम्परा र प्रथाका धनी ह्योल्मो आदिवासीहरूको मूल थातथलो हेलम्बु क्षेत्र हो ।

सिन्धुपाल्चोक जिल्लाको हेलम्बु, पाँचपोखरी थाङपाल, नुवाकोट जिल्लाको दुप्चेश्वर र रसुवालाई मूल थातथलो बनाएर प्राचीन कालदेखि नै बसोबास गरिरहेका ह्योल्मोको जनसंख्या वि.सं.२०७८ को जनगणनाले ९,८१९ ( महिला ४,९२७ र पुरुष ४,९२७) देखाएको छ । यो संख्या नेपालको कुल जनसंख्याको ०.०३ प्रतिशत मात्र हो । ह्योल्मो जातिलाई नेपाल सरकारले अल्पसंख्यक आदिवासीका रूपमा पनि सूचिकरण गरेको छ । भाषा वक्ताको संख्या पनि ह्योल्मोहरूको उल्लेख्य रहेको छ । राष्ट्रिय जनगणना २०७८ अनुसार ह्योल्मो मातृभाषा वक्ता संख्या ९,६५८ (पुरुष ४,८६५ र महिला ४,७९३) रहेको पाइन्छ.(केन्द्रीय तथ्यांक कार्यालय, २०७८) । पछिल्लो  समयमा ह्योल्मोहरू काठमाडौँ, रामेछाप, कास्की, लमजुङ, चितवन, गोर्खा, इलाम, नवलपरासीका अतिरिक्त विदेशमा पनि पुगेका छन् ।

## ३. ह्योल्मोको प्रथाजनित स्वशासन पद्धति

आदिवासीको प्रथाजनित स्वशासन प्रणाली राज्यको अवधारणा आउनु अघि कै अभ्यास हो । मानव जातिले फरक फरक भूगोलमा आगो, औजार तथा कृषिको अभ्यास गरे झैं विश्वका मानव समुदायले फरक फरक स्वशासन प्रणालीको सुरुवात गरेका थिए । आज पनि विश्वका विभिन्न ९० देशहरूमा बसोबास गरिरहेका ४७ करोड भन्दा बढी जनसंख्याका करीव पाँच हजार आदिवासी समुदायले आ-आफ्नै प्रकारका प्रथाजनित स्वशासन प्रणालीको अभ्यास भइरहेका छन् । प्रथाजनित स्वशासन प्रणालीको जन्म परिवार, समुदाय र समाजको जगबाट निर्माण भएको सामाजिक सङ्गठन हो । जहाँ निश्चित भूक्षेत्रभित्र बसोबास गर्ने मानव बीचको नाता सम्बन्ध, सामुदायिक भावना, सहयोगको आदानप्रदानका तत्वहरू रहन्छन् । मानवशास्त्रीहरूका अनुसार इतिहासको लामो कालखण्डसम्म मानव समुदाय स-साना समुहमा बस्दथे । त्यस अवधिमा जङ्गली जनावरको शिकार गरेर भोजन प्राप्त गर्नु मुख्य काम हुने गर्दथ्यो । जङ्गलमा उपलब्ध गिठा, तरुल, फलफूल, कन्दमूल र अन्य प्राकृतिक उपजहरूबाट गुजारा गर्दथे । यही अवधिमा उनीहरूले परिवारमा अनुभवी र पाका व्यक्तिहरूको कुरा सुनेर निर्णयहरूमा सहभागी हुन थाले । यही प्रारम्भ विन्दूबाट पारिवारिक र प्रथाजनित संस्थाहरूले पनि मान्यता पाउन थालेको मान्यता रहेको छ । संयुक्त राज्य अमेरिकाका राजनीति दर्शनका विद्धान डा. रवर्ट ए डाहल (सन् २००५) अनुसार पारिवारिक सङ्गठनको युगको अन्त्यसँगै सामुहिक परिचयको युग शुरु भएको मानिन्छ । यसै क्रममा मानव समाजले सामुहिक निर्णय प्रक्रियाका अनेक निर्णय प्रक्रियाहरू निर्धारण गरे । धार्मिक मान्यता, सांस्कृतिक चालचलन तथा आध्यात्मिक विश्वासजस्ता विषयहरूको पनि विकास भयो । यही प्रक्रियाबाट प्रथाजनित स्वशासन प्रणाली शुरु भएको मानिन्छ ।

प्रथाजनित स्वशासन प्रणाली आदिवासी जनजातिको मौलिक ज्ञान प्रणाली हो । धेरै जसो आधुनिक राज्य सरकार हरूले प्रथाजनित सामाजिक, सांस्कृतिक मामलामा हस्तक्षेप गरिरहेका छन् । प्रथाजनित स्वशासन प्रणालीको प्रमूख चासो स्थानीय सामाजिक, साँस्कृतिक, आर्थिक र न्यायिक मामलामा केन्द्रित रहन्छ । प्रथाजनित स्वशासन प्रणाली उनीहरूको पुर्ख्यौली भूमि र क्षेत्रमा मात्र सीमित हुन्छ । यो प्रणालीलाई आदिवासीको अधिकारसम्बन्धी संयुक्त राष्टसङ्घीय घोषणापत्र, २००७ ले सुनिश्चित गरेको छ । प्रथाजनित संस्था आत्मनिर्णयको अधिकार प्रयोग गर्ने एक मात्र संयन्त्रको रूपमा पहिचान भएको छ । प्रथाजनति संस्थाको क्रियाकलापले भूमि, भूभागको स्रोतको संरक्षण र जगेर्ना गर्ने पहिलो काम देखिएको छ । यसरी नै सामाजिक रूपमा एकता र एक रूपता कायम गर्न पनि योगदान दिएको छ ।

## ४. ह्युलठिमको व्युत्पत्ति र संरचना

सामन्य अर्थमा 'ह्युल' भनेको गाउँ र 'ठिम' भनेको कानून हो । यसकारण 'ह्युलठिम' भनेको 'गाउँको कानून' भन्ने बुझ्नु पर्ने हुन्छ । तर ह्योल्मो समाजमा ह्युलठिम बाहेक 'ल्हाठिम' (देवताको कानून), 'क्षेठिम' (धर्मको कानून), 'पेठिम'(परम्परागत कानून) र 'ग्येलठिम' (राज्यको कानून) मान्नु पर्ने कुरा ह्युलठिम अन्तर्गतकै संरचनामा पर्दछ । सबै ठिमहरू ह्युलको सहमतिमा अनुमोदन भए पछि मात्र लागु हुन्छन् । ह्योल्मो समाजको प्रथाजनित स्वशासन पद्धत्ति निर्णायक भूमिका लुङ्वाको हुन्छ । लुङ्वाको अर्थ गाउँले वा सर्वसाधारण नागरिक हुन् । ह्युलठिममा नागरिक सर्वोच्चता हुन्छ । हरेक निर्णय नागरिकलाई केन्द्रमा राखेर गरिन्छ । प्राय सबै निर्णयहरू सर्वसम्मत र परम्पराको निरन्तरतामा ध्यान दिएर गरिएको हुन्छ । ह्योल्मो ह्युलठिम स्वशासन पद्धतिमा गुम्बाका लामा, परम्परागत अगुवा गोवा, कार्य पद्धति हेरेर चिवाजस्ता नेतृत्वको खास भूमिका रहेको हुन्छ । ह्युलठिम प्रथाजनित स्वशासन पद्धतिले सामाजिक विविधताको सम्म्मान गर्ने र मध्यस्थता गर्ने गर्दछ । आदिवासीको स्वशासन सम्बन्धि अध्ययन गर्ने क्यानाडाली दार्शनिक चार्ल्स टेलर (सन् २०१९) ले आदिवासीको प्रथाजनित स्वशासनले राष्ट्रिय समुदाय र आफ्नै समुदायको पनि विविधतालाई सम्बोधन गर्ने कुरा गरेका छन् । सोही बमोजिम ह्योल्मो समाजको पनि बहुआयामिक संस्कृति, भाषा र कानूनलाई समायोजन गर्ने सामर्थ्य यो प्रथाजनित स्वशासन प्रणालीमा हुन्छ । ह्योल्मो समाजका तीन खम्बा लामा, गोवा र चिवाको फरक फरक पृष्ठभूमि र भूमिका हुन्छ । लामाहरू मूलत बौद्ध शिक्षाबाट दीक्षित हुन्छन् भने गोवा सामाजिक अगुवाका रूपमा स्थापित हुन्छन् । चिवा भने कार्य प्रकृति अनुसार गाउँलेहरूबाट चुनिन्छन् । यी तिनै धुरीको संयोजन गरेर ह्योल्मो प्रथाजनित स्वशासन प्रणाली चलेको हुन्छ । ह्युलठिममा लामा, गोवा, उम्जे, छयोपेन र चिवाको कार्यकारी अस्तित्व भए पनि शक्तिको स्रोत डेजाङ हो । अर्थात सम्पूर्ण ह्योल्मोको सामुहिक र साझा प्रतिबद्धता नै ह्युलठिम हो । ह्युलठिमको निर्णय गर्न अथवा कार्यन्वयन गर्नका लागि सामुहिक साझा भावना, ल्हाठिम (देवताको कानून), क्षेठिम (धर्मको कानून), पेठिम (परम्परागत कानून) र ग्येलठिम (राज्यको कानून) सँग सामन्जस्यता हुन आवश्यक छ ।

### ४.१. लामा र गुम्बाको भूमिका

सामान्य अर्थमा लामा भनेको पुजारी हो । नेपाल प्रज्ञा-प्रतिष्ठानबाट प्रकाशित प्रज्ञा नेपाली बृहत् शव्दकोशले लामा भन्नाले 'तिब्बतका बौद्ध धर्मका धर्मगुरु, शेर्पा, तामाङ आदि जातिका मुल पुरोहित, भोटे जातिकृ मानबोधक शव्द' भनेको छ (उप्रेती, २०७९: १७२८) । यसैगरी Oxford Advanced Learner's Dictionary, 2023 मा A title Given to a spiritual Tibetan Buddhism / Buddhist monk from Tibet or Mongolia उल्लेख गरिएको छ । तामाङ बृहत् शव्दकोशमा लामाको अर्थ बौद्ध पुजारी, लामा पुरेत, तिब्बती बौद्ध धर्मअनुसार धार्मिक अनुष्ठान सम्पन्न गर्ने व्यक्ति वा बौद्धशास्त्रज्ञ भनिएको छ (योन्जन तामाङ, २०७०: १५६) । लामा शव्दले स्वभाविक रूपमा गुरु वा पुरोहित जनाए पनि ह्योल्मो समाजमा लामालाई पुजनिय र आदर्श व्यक्तित्वका रूपमा लिइन्छ । ह्योल्मो समाजमा हरेक गाउँमा एक गुम्बा (गोन्पा) अनिवार्य जस्तै रहेको छ । सामन्यत: ती सबै गुम्बामा पूजापाठ गर्ने एक जना प्रमुख लामा र अन्य लामा नियुक्त गरिएका हुन्छन् । ती लामाहरू अवैतनिक हुन्छन् । लामालाई ह्योल्मो समाजमा धर्मका रक्षाक मान्ने गरिन्छ । जसले समाजमा डाकिनी वा धर्मपालाको रूपमा समाजको रक्षा गर्ने विश्वास गरिन्छ । जिम्मापा परम्परामा लामालाई समाजको मार्गदर्शक, तान्त्रिक, त्यागी योगीका रूपमा विश्वास गरिन्छ । लामालाई तीनरत्नको रूपका रूपमा समाजले मान्दछ । लामाको वाणी

नै धर्म हो र लामाको भौतिक शरीर ज्ञानको मार्गदर्शक मानिन्छ । लामाका अभिव्यक्तिलाई कायाको अभिव्यक्तिका रूपमा स्वीकारिन्छ ।

उपरोक्त परिभाषाअनुसार 'लामा' शव्द बुद्धधर्मसँगै भित्रिएको शव्द हो । जसको शुरुवात तिव्वतबाट भएको हो । हुन त बुद्धधर्म नेपालबाट तिव्वत गएको हो । लामा पदको विकास पनि यही धर्मसँग जोडिन्छ । ह्युलठिम प्रथाजनित संस्थामा लामालाई एक सम्मानित र तथस्ट पदका रूपमा स्थापित गरेको हुन्छ । जसरी एक लोकतान्त्रिक संवैधानिक प्रणालीमा राष्ट्रपति वा राजालाई विवादरहित निर्णय गर्ने संस्थाका रूपमा राखिएको हुन्छ, त्यसरी नै ह्युलठिममा पनि लामालाई सर्वोच्च पदाधिकारीको सम्मान दिएको पाइन्छ । सामन्यतः ह्युलठिममा लामाले निम्न कार्य सम्पादन गर्ने गर्दछन् ।

गाउँको मूल पुरोहित भई गुम्बामा दैनिक पुजापाठ तथा मान्छेको जन्म वा मृत्युलगायतका कर्मकाण्डहरू, बार्षिक चाडपर्वहरू र अन्य पूजापाठहरूमा पुजारीको कार्य गर्ने । धर्म तथा संस्कृतिमा आउने समस्याको समाधानका लागि निर्णय दिने । प्रथाजनति ह्युलठिमको संरक्षकको भूमिकामा रहने । यी कार्य बाहेक केही ह्युलठिममा लामाले भूमिसम्बन्धी कार्य गर्ने गरेको पाइएको छ । भूमिसम्बन्धी काम गर्ने जिम्मा चाही संस्थागत रूपमा गुम्बाले गरेको हुन्छ । ह्योल्मो समाजमा गुम्बा (गोन्पा) बाट धार्मिक कार्यका अलवा आर्थिक तथा प्रशासनिक कार्य सम्पादन भएको पाइन्छ । हेलम्बुको सेर्माथाङस्थित केशरी सङकफिन्चोक उर्गेन छ्योलिङ गुम्बाले गुठीको कार्य समेत गर्दछ । यहाँका प्रमूख लामाले भूमि सम्बन्धी परेको विवादको निरूपण र धार्मिक वनको संरक्षण गर्ने कार्य गर्दछन् । यस बाहेक सामाजिक कार्यहरूमा पनि गुम्बाका प्रमूख लामाको सहभागिता हुने गर्दछ । गुठियारलाई काठको आवश्यकता भएमा सम्बन्धित निकायमा काठको सिफारिस गरेर पठाउने कार्य पनि गुम्बाले गरेको पाइएको छ । जसलाई त्यहाँको लाङटाङ राष्ट्रिय निकुञ्ज र स्थानीय सरकारले मान्यता दिएका छन् । तार्केघ्याङस्थित गुम्बाहरूले भूमिकर उठाउनेदेखि आफ्नो क्षेत्रको जग्गा जमिन बेचबिखन गर्न प्रतिबन्ध लगाउनेसम्मको काम गरेको पाइन्छ । यसमध्येको एक चिरी गुम्बा पनि हो । गोन्पामा पूमूख लामाको संयोजकत्वमा विभिन्न विभागीय प्रमूखहरू नियुक्त गर्ने परम्परा रहेको छ । जसका पदाधिकारी यस प्रकार हुन्छन् ।

(क) रेम्पोर्छे (प्रमूख लामा), (ख) खेन्पो (उपाध्याय), (ग) दोर्जे लोपेन (गोङमा) वज्रचार्य, (घ) लोपेन (आचार्य), (ङ) बुजे (अगुवाइ गर्ने मुखिया), (च) छ्येठिम्पा (धर्म निरिक्षक), (छ) छ्याङच्ची (निजी सहायक रिम्पार्छे वा प्रमूख लामाको), (ज) न्येरप्पा (भण्डारक), (झ) कोन्येर (पुजारी) र (ञ) छ्योपेन (सह निजी सहायक) ।

### ४.२. गोवाको भूमिका

गोवा प्रथाजनित स्वशासन पद्धतिका कार्यकारी प्रमुख हुन् । ह्युलठिमलाई गोवाले नै नेतृत्व गरेको हुन्छ । ह्योल्मो समाजका गोवा परम्परागत र सामन्यतः बंशानुगत प्राप्त गर्न सकिने पद हो । समयक्रममा यो पदमा केही परिमार्जन हुँदै आएको छ । गाउँ सभाले गोबाको कामको मूल्यांकन गरेर निरन्तरता दिने वा नदिने निर्णय गर्न सक्छन् । गोवा छान्ने गाउँसभालाई डेजाङ भनिन्छ । गोवा आफैमा एक प्रथाजनित संस्थाको अङ्ग हो । गोवा प्रणालीलाई तत्कालीन राजनीतिक परिबेशमा सरकारी मान्यता प्राप्त गरेको इतिहासका विभिन्न दस्ताबेजहरूमा उल्लेख छ । तत्कालीन राणा सरकारले गोवाहरूलाई नेपालको उत्तरी सीमाको नक्साङ्कनको काममा सहयोग

गरेको ऐतिहासिक दस्तावेजहरूमा उल्लेख छ । इतिहासकारहरूा भनाइमा दोस्रो विश्वयुद्धमा अङ्ग्रेजलाई सहयोग गर्ने नेपालको प्रतिबद्धता अनुसार भर्तीमा पठाउने युवाको खोजी गर्ने काममा गोवाहरूले सहयोग गरेका थिए । हेलम्बु क्षेत्र नेपालको उपल्लो गाउँ हो । त्यसभन्दा उत्तरतिर नेपाली गाउँ नरहेको अवस्थामा गोवाहरूले नेपाल भोटको सीमा रक्षकका रूपमा काम गरेको प्रष्टै हुन्छ । वि.सं १९६६ साल असोज ७ गते जारी भएको सनदमा नेपाल र भोटको सिमानाको नक्सा तयार गर्ने कार्यमा खटिएका सरकारी कर्मचारीलाई सिमानाको नक्सा तयार गर्न सहयोग गर्न, सिमाना चिनाइदिन तथा ती कर्मचारीलाई रसदपानीको व्यबस्था गरिदिन दार्चुलादेखि पूर्व इलामसम्मका भोट सिमानाका गोवालगायतलाई उर्दी गरिएको उल्लेख छ (भट्टराई, २०६४: १७९-१८०) । सो सनदमा गोवा, जिम्मावाल, थरी, मुखिया, ढेवा लगायतका तालुकदारलाई सम्बोधन गरिएको छ ।[1]

गोवा प्रणाली अन्य जातिमा पनि प्रचलित रहेको विभिन्न अनुसन्धानहरूले देखाएको छ । वि. सं. २०७० पुस ५ गतेको कान्तिपुर पत्रिकामा प्रकाशित किमाथाङ्का डायरीमा मोहन बस्नेतले संखुवासभाको किमाथाङ्कामा गोवासँग कुराकानी गरेको उल्लेख गरेका छन् । उनले गोवालाई स्थानीय राजाका रूपमा बर्णन गरेका छन् । ह्योल्मो बाहेक अन्य हिमाली आदिवासीहरूमा पनि गोवा प्रणालीको अस्तित्व देखिन्छ । हिमाली आदिवासी ल्होमी सिंङ्सावा सम्बन्धी जानकारी दिने पुस्तक पहिचानको सेरोफेरो ल्होमी जाति मा गोवाको काम कर्तव्य र अवस्थाबारे उल्लेख गरिएको छ (ल्होमी, २०७२: ८५) । अहिलेको अवस्थामा ह्योल्मो समाजमा गोवाको कार्य क्षेत्र सामाजिक काममा सिमिति भएको छ । इतिहासमा गोवा नै समुदायको सर्वोच्च पदाधिकारी थियो । तथापि ऐतिहासिक विरासतलाई थाम्दै परम्परालाई अभ्यासमा उतारेको ह्योल्मो गाउँहरूमा गोवाहरू, धार्मिक, साँस्कृतिक कार्यको मुख्य व्यक्तित्व र प्रथाजनित कानून कार्यन्वयन गर्ने गरेको पाउन सकिन्छ । नेपालका आदिवासीहरूको मानव अधिकारसम्बन्धी वकिल समूह (लाहुर्निप) बाट प्रकाशित परम्परागत संस्था एक अध्ययन नामक पुस्तकमा उल्लेख भए अनुसार गोवाले गुम्बा तथा समाजका निम्न कार्य गरेको अभिलेख छ ।

(क) गुम्बाको सरसामान तथा आम्दानीको लगत र तथ्याँक राख्ने, (ख) गुम्बाको व्यबस्थापन कार्य गर्ने, (ग) वार्षिक चाँडपर्व र पुजापाठहरूमा गाउँलेहरूलाई कार्य बाँडफाट गरी कार्य गर्न निर्देशन दिने, (घ) समुदायको कार्य गतिविधिहरूमा देखापर्ने समस्या माथि छलफल चलाउने, (ङ) समुदायमा मध्यस्थताको भूमिका निर्वाह गर्ने, (च) समुदायद्धारा पारित नयाँ नीतिको कार्यन्वयन गर्ने, (छ) प्रमूख लामाको निर्देशनमा वैठक बोलाउने, (ज) विकासका कार्यमा सहभागिता जुटाउने र सोको मूल्यांकन गर्ने, (झ) कार्य प्रगतिको तथा समस्याको बारे छलफल चलाउने ।

### ४.३ उम्जे, छ्योपेन र चिवाको भूमिका

ह्युलठिममा गुम्बाका लामा र गोवाबाहेक अन्य पदाधिकारीहरू पनि हुन्छन् । उनीहरूको भूमिका पनि यो संरचनामा महत्त्वपूर्ण हुन्छ । गुम्बाको पूजाका बेला उम्जेको प्रमूख काम लामा र गोवालाई सहयोग गर्नु हो भने छ्योपेनको काम धार्मिक कार्यमा सहयोग गर्नु हो । डेजाङ नामक गाउँभेलाबाट ह्युलठिमका प्रमुख पदाधिकारीहरू सँगै उम्जे र छ्योपेन पनि चयन गरिन्छ । कतै उम्जे र छयोपेनको जिम्मेवारी एकै व्यक्तिलाई दिइएको हुन्छ भने कतै बेग्लाबेग्लै व्यक्तिलाई दिइन्छ । प्रमूख लामाले उम्जे र छ्योपेनलाई दाम्जी (सपथ)

1 भट्टराई, २०६४: १७९-१८०मा उल्लेख भएअनुसार विसं १९६६ साल अशोज ७ गतेको पश्चिम दार्चुला देखि इलामसम्मका भोट दौंसाधका जिम्मवाल, जिम्मावाल, थरी, मुखिया, तालुकदाार, गोवा, डेवाका नाममा उर्दी, सिन १२९(११६) शाही नेपाली जङगी अड्डा पुस्तकालय काठमाडौ ।

खुवाउने प्रचलन रहेको छ ।

चिवा भने हरेक पर्व विशेषका लागि आयोजक तोकिने व्यबस्था हो । ह्योल्मो गाउँहरूमा चिवाको चयन गर्ने तरिका पनि फरक-फरक रहेको पाइन्छ । हेलम्बुको सेर्माथाङमा छेच्युलगायतका पर्ब मनाउन पालैपालो घर धुरीका आधारमा दुई परिवारलाई चिवा चयन गरिन्छ । तर मेलम्चीमा भने एक टोललाई नै चिवा बनाउने परम्परा रहेको छ ।

## ५. कानून निर्माण र कार्यान्वयन

ह्युलठिमले प्रथाजनित कानून निर्माण र कार्यन्वयन गर्दछ । यस्तो कानूनमा आफ्नो समुदायको सांस्कृतिक ढाँचा प्रतिविम्बित भएको हुन्छ । जस्तैः हेलम्बुको सबै ह्योल्मो गाउँहरू हिंसामुक्त छन् । किनकि यो आम ह्योल्मोहरूको साझा आध्यात्मिक मनोविज्ञान हो । बौद्ध धर्मका बज्रयाना परम्पराका प्रबर्तक गुरु रिन्पोछे (पद्मसम्भव) द्वारा प्रतिपादित सिद्धान्त र धर्म देशानाको आधारमा आठौ शताव्दीमा ह्योल्मो क्षेत्र भेह्युल (गुप्त भूमि) घोषणा भए पछि नै यस क्षेत्रमा सबै प्राणीको रक्षार्थ हिंसामुक्त क्षेत्र घोषणा भएको मानिन्छ । ह्युलठिमले प्रथाजनित कानूनहरू समसामयिक रूपमा परिवर्तन गर्दछ । केही बर्ष अगाडिसम्म ह्योल्मोहरूको छेच्युमा हरेक घर परिवारले चामल, तेल, घयू, पीठो दाउरा अनिवार्य रूपमा चिवा र गोबालाई बुझाउनु पर्ने परम्परा रहेको थियो । संकलित तेल र घिउले गुम्बामा बत्ति बाल्ने गरिन्थ्यो । पछिल्लो समय बजारमा वनस्पति घिउ र चामल सहज उपलव्ध हुन थालेपछि ह्युलठिमले नगद संकलन गर्ने नियम बनाएको छ । अहिले समुदायले छिच्युका लागि नगद रु.१,२००।- (एक हजार दुई सय रूपैयाँ), एक चौठा रक्सी र एक भारी दाउरा संकलन गर्ने चलन बसालिएको छ । समाजका लागि आवश्यक पर्ने परम्परागत कानून निर्माणका लागि डेजाङको सहभागितामा हुने गर्दछ । ह्युलठिमले प्रथाजनित कानूनको कार्यन्वयन गर्ने गर्दछ । ह्योल्मोको पर्ब विशेषमा अनिवार्य उपस्थिति हुनु पर्ने नियमको उल्लंघन गरेमा दण्ड जरिवानाको पनि व्यबस्था गरिएको हुन्छ । सामाजिक संस्कारहरू जन्म, मृत्यु, बिबाह र सम्बन्ध विच्छेदमा आफ्नो परम्परा अपनाउनु ह्योल्मो सदस्यहरूको प्रमूख कर्तव्य हो । नाता वा कुटुम्बको निधो पनि ह्युलठिम अनुसार हुन्छ । ह्योल्मो समुदायमा बाल बिबाह र बहुबिबाह निषेधित छ भने सम्बन्ध विच्छेदको प्रक्रियामा ह्युलठिमको भूमिका रहन्छ । यस्तो प्रक्रियालाई थाक्पा च्येकन भनिन्छ । सम्बन्ध विच्छेद गराउने मूख्य भूमिका गोवाको हुन्छ । सम्बन्धविच्छेद गर्न दुवै पक्ष राजी भएमा लोग्नेस्वास्नीलाई धागो दुइतिर समात्न लगाई बीचमा चुडाँएपछि सम्बन्धविच्छेद भएको मानिन्छ ।

## ६. सामुदायिक तथा प्राकृतिक स्रोतव्यवस्थापन

ह्युलठिमले समुदायको आदेशमा सोनाम ल्होछार, ञ्युङने पुजा, छेच्यु पुजा, न्हारा, म्हानी बुम, बुद्ध जयन्ती, सागादावा, ह्याए लगायतका पर्बहरू सुव्यवस्थित रूपमा मनाउन विशेष व्यबवस्थापन गर्ने गर्दछ । स्थानीय स्तरमा सडक सफा गर्ने, कुवा वा धारा सफा गर्ने, चिहानको व्यबस्थापन गर्ने, गुम्बा, छ्योर्तेन निर्माण, पाटी पौवा बनाउने कार्यहरू ह्युलठिमको सामुदायिक कार्य भित्र पर्ने गर्दछ । ह्युलठिम मार्फत गोबाले जनसहभागिताका लागि आह्वान गर्दछ । कसैले गुम्बा निर्माण गर्न चाहेको खण्डमा अन्य गाउँको सहयोग जुटाउने ह्योल्मो समाजको प्रमूख विशेषता हो । उदाहरणका लागि आमायाङग्रीमा निर्माण भएको गुम्बालाई लिन सकिन्छ । जहाँ एकजना दाताले निर्माण सुरु गरे पनि स्थानीयको महत्त्वपूर्ण योगदान रहेको स्थानीयबासीहरू स्मरण गर्ने गर्दछन् । प्राकृतिक स्रोत र साधनको संरक्षण र उपभोगमा नियन्त्रणमा ह्युलठिमको विशेष भूमिका रहेको हुन्छ ।

हिंसारहित क्षेत्र घोषणाले जैविक विविधता र प्राकृतिक स्रोतको संरक्षणमा महत्त्वपूर्ण योगदान पुऱ्याएको छ । ह्युलठिमले प्राकृतिक स्रोत र साधानको संरक्षणका लागि कम्युनिटी प्रोटोकल (सामुदायिक अलेख) बनाएको हुन्छ । ह्युलठिमले चरीचरणमा जाँदा गोठालाले पालना गर्नुपर्ने नियमहरू बनाउने गर्दछ । वनजङ्गल पस्दा साना विरुवाहरू र निगालोको टुसा मास्न नहुने, बाँसको तामा खान नहुने, परिचित जडिबुटीको संरक्षण गर्नुपर्ने लगायतका सामुदायिक नियम बनाइएको हुन्छ । ह्योल्मो समुदायले बन तथा बनस्पतिहरूलाई एक आध्यात्मिक शक्तिका रूपमा मान्ने गर्दछन् ।

## ७. न्यायसम्पादनसम्बन्धी कार्य

ह्युलठिमले आफ्नो सामुदायिक प्रक्रियाबाट प्रथाजनित कानून र सामुदायिक अलेख (कम्युनुनिटी प्रोटोकल) बनाएको हुन्छ। यसलाई कार्यन्वयन गर्दा आइपर्ने विभिन्न बाधा अवरोध आएमा न्याय निरूपण गरी दण्डजरिवाना र सजाय गर्ने गरिन्छ । न्याय सम्पादनमा प्रमूख पदाधिकारीमा गोवा र छ्येठिम्पा (धर्म निरिक्षाक) को मुख्य भूमिका हुन्छ। ह्योल्मो समाज बौद्ध धर्म परम्पराबाट दिक्षित भएका हुनाले गुम्बाको परम्परा र आदेश मान्नु पर्ने हुन्छ। कुनै कारणले धर्मको उल्लंघन भएमा ह्युलठिमले कारबाही गर्दछ। जस्तो ह्योल्मो समाजमा प्रथाजनित सामाजिक परम्पराहरू रहेका छन् । जन्म, बिबाह तथा मृत्यु जस्ता सामाजिक क्रियाकलापमा समाजले निर्वाहा गर्नुपर्ने नियम बनाइएको हुन्छ । यस्तो नियम पालना भए नभएको गोवा र छ्येठिम्पाले अभिलेख राखेर पालना नभएमा कारवाही स्वरूप दण्ड दिने बिधान रहेको छ । प्रमूख सांस्कृतिक चाडहरू छेच्युपुजा, ज्युङने, न्हारा, म्हानी बुम आदिमा सहभागी नभए ह्युलठिमले जरिवाना गराउँदछ ।

गाउँभित्रको झगडा वा मनमुटावलाई ह्युलठिमले समाधान गर्दछ । गाउँमा दुई पक्ष वा बहुपक्ष बीच विवाद उत्पन्न भएमा गाउँलेको उपस्थितिमा गोवाले पीडितलाई पीडकले स्याल्गर राख्नुपर्ने फैसला सुनाउन सक्छ । स्याल्गर काठबाट बनेको विशेष प्रकारको भाडामा रक्सी वा जाँड अथवा दूध राखेर शिरमा घिउ वा खादाले सजाइएको भौतिक बस्तु हो । समुदायले गोवाको फैसलालाई अनुमोदन गरेमा क्षतिपूर्ति र माफी स्वरूप स्याल्गर राखेमा र पीडितले स्वीकार गरे पछि मेलमिलाप भएको मानिन्छ । स्याल्गर सामाजिक सुसम्बन्ध र एकताको भावनालाई जोड्ने परम्परागत सांस्कृतिक प्रतीक हो । कुनै दम्पत्तिले सम्बन्ध विच्छेद गर्न चाहेमा ह्युलठिमले त्यस्तो सम्बन्ध विच्छेद पनि गराउन सक्छ । यो प्रक्रियालाई थाक्पाच्येकन भनिन्छ । यस्तो मुद्धामा दुवै पक्ष मन्जुरी भएमा थाक्पाच्येकेन छिटो हुन्छ भने क्षतिपूर्ति दिनुपर्ने, बालबच्चाको रेखदेख गर्नुपर्ने भएमा लालनपोषण आदिको वारे ह्युलठिमले जाचबुझ गरी निर्णय गर्ने गर्दछ । यस्तो विधिमा दुईतिरबाट धागो समाउन लगाइ धागो चुडाइन्छ । यस प्रकारको सम्बन्ध विच्छेद पछि दुवै पक्ष स्वतन्त्र रहेको बुभिन्छ । ह्योल्मो समाजको न्याय प्रणाली सामुहिक निर्णयमा आधारित सहअस्तित्व र आत्मनिर्णयको अधिकारलाई सम्मान दिइएको हुन्छ ।

## ८. निष्कर्ष

ह्योल्मो समुदायले आधुनिक राज्यको अवधारणा आउनु अघिदेखि अभ्यास गर्दै आएको प्रथाजनित स्वशासन प्रणाली ह्युलठिमले आजसम्म पनि निरन्तरता पाइरहेको छ । ह्युलठिमले ह्योल्मो समुदायको भाषा, संस्कृति र मौलिक परम्पराको संरक्षण तथा समाजिक एकता कायम राख्न महत्त्वपूर्ण योगदान पुऱ्याएको छ। यो प्रथाजनित संस्थाले जन्म, बिबाह, मृत्यु जस्ता जीवनचक्रीय संस्कारका साथै सांस्कृतिक पर्व उत्सवहरू र अध्यात्मिक गतिविधिहरूलाई व्यबस्थापन गरेर समाजलाई एकतृत र सौहार्दपूर्ण बनाउन विशेष भूमिका खेल्दै आएको छ ।

सिन्धुपाल्चोक जिल्लाको हेलम्बु र पाँचपोखरी थाङपाल क्षेत्रको ह्योल्मो समुदायमा प्रचलित यो प्रथाजनित संस्थाले परम्परागत कार्यपालिका, न्यायपालिका र व्यवस्थापिकाको भूमिका समेत निर्वाह गर्दछ । बौद्ध धर्म परम्परामा आधारित यो प्रथाजनित संस्थाले प्राकृतिक स्रोत व्यवस्थापन र नियन्त्रणमा समेत महत्त्वपूर्ण योगदान पुऱ्याएको पाइन्छ । आदिवासी जनजातिको अधिकारसम्बन्धी संयुक्त राष्ट्रसंघीय घोषणा पत्र-२००७ ले समेत आदिवासीको अद्वितीय राजनीतिक, न्यायिक, सामाजिक, आर्थिक र सांस्कृतिक अधिकारलाई संरक्षण गर्न प्रथाजनित संस्थाको आवश्यकता र औचित्यलाई विशेष महत्त्व दिएको छ । त्यस कारण सरकारले प्रथाजनित संस्थाहरूको संरक्षण र निरन्तरताका लागि आवश्यक कानूनी व्यवस्था गर्नुपर्ने देखिन्छ ।

## सन्दर्भ सामाग्री


उप्रेती, गङ्गाप्रसाद र अन्य (सम्पा.) (२०७९). प्रज्ञा नेपाली बृहत् शव्दकोश. काठमाडौः नेपाल प्रज्ञा-प्रतिष्ठान ।

जोशी, राजनलाल. (२०७३). रामेछापका ह्योल्मो जाति. रामेछापः हिमाली ह्योल्मो समाज ।

डाहल, ए. रबर्ट. (सन् २००५). प्रजातन्त्रका बारेमा (नेपाली संस्करण). काठमाण्डुः क्रियशन मिडिया प्रा.लि. ।

वस्नेत, मनबहादुर. (२०७० पुस ५). किमाथाङ्का डायरी. कान्तिपुर दैनिक (कोसेली) ।

भट्टराई, घनश्याम. (२०६४). नेपालको स्थानीय प्रशासनको इतिहास (१७६८-१९५१ ई.सं). न्युदिल्लीः एड्रोयट पव्लिशर्स ।

यात्रु, कुमार. (२०७८). परम्परागत आदिवासी ज्ञान. काठमाडौः इन्डिजिनियस मिडिया फाउण्डेशन ।

योन्जन तामाङ, अमृत. (२०७०). तामाङ बृहत् शव्दकोश. काठमाडौः याम्बुरी बुक प्वाइन्ट ।

राई, शान्तिकुमारी र अन्य (सम्पा.) (सन् २०१५). परम्परागत संस्थाः एक अध्ययन (नेवार, थकाली, माझी, धिमाल, थारु, ह्योल्मो, ज्यापु र मगर). काठमाडौः नेपालका आदिवासीहरूको मानवअधिकार सम्बन्धी वकिल समूह (लाहुर्निप) ।

ल्होमी, साङबु नुप्पा. (२०७२). पहिचानको सेरोफेरोमा ल्होमि जाति. ललितपुरः आदिवासी जनजाति उत्थान राष्ट्रिय प्रतिष्ठान ।

हेलम्बु गाउपालिका. (२०७९). भेह्युल अर्थात गुप्त भूमि. सिन्धुपाल्चोक ।

ह्योल्मो, लामा टाशी छिरिङ. (सन् २०१५). ह्योल्मो जातिको परम्परागत संस्था र प्रथाजनित कानूनहरू. परम्परागत संस्था एक अध्ययन. शान्तिकुमारी राई, दिनेशकुमार घले, शंकर लिम्बु, भीम राई र टहल थामी. सम्पा. पृ. १४७-१६९. काठमाडौः नेपालका आदिवासीहरूको मानव अधिकारसम्बन्धी वकिल समूह (लाहुर्निप) ।

Bhattachan, Krishna B. (2023). *Customary Self-Governence Systems of the TAMHANG (THAKALI) NATION.* Thailand: Asia Indigenous Peoples Pact.

Nicholas, Colin. (2021). *Looking Back and Looking Forward, Orang Asli Self-Governence and Democracy.* Thailand: Asia indigenous Peoples Pact.

Oxford University Press. (2023). *Oxford Advanced Learner's Dictionary* (10th ed.). Oxford University Press.

Roy, Raja Devasish. (2005). *Traditional Customary Laws and Indigenous Peoples in Asia.* Minority Rights Group International (MRG).

Thami, Tahal. (2024). CUSTOMARY GOVERNANCE AND STATE LEGAL SYSTEM IN NEPAL. In *Journal of Anthropology Vol.1.* Kathmandu: Tri-Chandra collage.

# लेखक परिचय

## डा. कुन्साङ लामा

लेखक डा. कुन्साङ लामा सर्वोच्च अदालतका अधिवक्ता हुन् । डा. लामा नेपाल सरकार, कानून न्याय तथा संसदीय मामिला मन्त्रालय अन्तर्गत फौजदारी अपराध (सजाय निर्धारण र कार्यान्वयन) ऐन, २०७४ दफा ४२ अन्तर्गतको सजाय सुझाव समितिका नेपाल सरकार द्वारा नियुक्त विज्ञ सदस्य र फौजदारी कानून समाजका महासचिव समेत हुन्हुन्छ । उहाँले त्रिभुवन विश्वविद्यालय, कानून संकायबाट कानूनमा विद्यावारिधि (Ph.D.) (नेपालमा सङ्गठित अपराध शिर्षक) गर्नु भएको छ भने त्रिभुवन विश्वविद्यालय नेपाल ल क्याम्पसबाट फौजदारी कानूनमा स्नातकोत्तर (LL.M.), र सोही विश्वविद्यालयबाट समाजशास्त्रमा स्नातकोत्तर (M.A.) डिग्री हासिल गर्नु भएको छ । आदिवासी जनजाति सँग सम्बन्धित् विभिन्न राष्ट्रिय जर्नलहरूमा डा. लामाको दर्जनौँ अनुसन्धानमुलक लेखरचनाहरू प्रकाशित भएका छन भने आदिवासी जनजातिको अधिकार र नेपालको सन्दर्भ (२०७७) नामक पुस्तक प्रकाशित रहेका छन् । डा. लामाले आदिवासी जनजातिको अधिकार सम्बन्धी राष्ट्रिय अन्तराष्ट्रिय गोष्ठी, सेमिनार र तालिमहरूमा श्रोत व्यक्तिको रूपमा कार्यगर्नुभएको दशकौं लामो अनुभव रहेको छ । डा. लामाले नेपाल ल क्याम्पस लगायतका कानून क्याम्पसहरूमा अतिथि प्राध्यापन, नेपाल खुल्ला विश्वविद्यालयको कानून विषयगत् समितिको सदस्य, राष्ट्रिय न्यायिक प्रतिष्ठान, महान्यायाधिवक्ताको कार्यालय, नेपाल प्रहरी प्रधान कार्यालय, अपराध अनुसन्धान विद्यालय, विभिन्न अन्तर्राष्ट्रिय तथा राष्ट्रिय गैरसरकारी संस्था, कम्पनी, सामाजिक संस्था आदिमा स्रोतव्यक्ति, परामर्शदाता, सल्लाहकार लगायतका भूमिका निभाउनु भएको अनुभव रहेको छ । उहाँको नियमित रुपमा विभिन्न राष्ट्रिय कानून जर्नलहरू लगायतका अन्य जर्नलहरू, पत्रिकाहरू आदिमा दर्जनौँ लेखहरू र कानूनी र अधिकारमुखी क्षेत्रका केही पुस्तकहरूसमेत प्रकाशित भएका छन् ।

## डा. मीन श्रीस

लेखक डा. मीन श्रीस आदिवासी जनजाति आयोगका मा.सदस्य हुनुहुन्छ । श्रीसका १८ ओटा पुस्तकहरू प्रकाशित भएका छन् । उहाँका पुस्तकहरू 'लोकगीतनृत्यको वर्तमान अवस्था र चुनौति', २०६६ र 'मगर जातिको चिनारी', २०६७ ले क्षेत्रीय प्रतिभा पुरस्कार तथा 'मगर पुजारी रहेका प्रसिद्ध देवस्थलहरू', २०६८ ले साझा लोकसंस्कृति पुरस्कार प्राप्त गरेको छ । डा. श्रीसले चार वर्ष प्रशासकीय अधिकृत तथा पच्चिस वर्ष विद्यालय एवं क्याम्पसमा अध्यापन कार्यको अनुभव संगाल्नु भएको छ । उहाँले साप्ताहिक पत्रिका बुद्ध सन्देश र अनुसन्धानमूलक प्रकाशन शोधमालाको सम्पादकको भूमिका पनि निर्वाह गरिसक्नु भएको छ । इतिहास र समाजशास्त्रमा स्नातकोत्तर पछि त्रिभुवन विश्वविद्यालय कीर्तिपुरबाट समाजशास्त्रमा विद्यावारिधि गर्नु भएका डा. श्रीसका पछिल्ला प्रकाशनमा 'अमूर्त संस्कृतिः प्रदर्शनीकला, परम्परागत संस्था र ज्ञान' २०७९ र 'आदिवासी जनजाति समुदायको भाषा, संस्कृति र शिक्षासम्बन्धी अधिकार' २०८१ हुन् ।

## डा. पासाङ शेर्पा

लेखक समाजशास्त्री एवं सह-प्राध्यापक डा. पासाङ शेर्पा समाजशास्त्र केन्द्रीय विभाग, त्रिवि कीर्तिपुरमा अध्यापनरत् हुनुहुन्छ । 'रोल अफ् एजुकेसन फर सोसल इन्क्लुसन अफ् मुस्लिम्स् इन् नेपाल' (मुसलमानहरूको सामाजिक समावेशीकरणमा शिक्षाको भूमिका) शीर्षकमा सन् २०१२ मा छिमेकी राष्ट्र भारतको काश्मिर विश्वविद्यालयबाट विद्यावारिधि उपाधि हासिल गर्नु भएका शेर्पाले शिक्षणका साथै विभिन्न अध्ययन-अनुसन्धानहरूमा संलग्न भई झण्डै सात दर्जनभन्दा बढी अनुसन्धानात्मक प्रतिवेदनहरू तयार गरिसक्नुभएको छ । त्यस्तै दर्जनौ अनुसन्धानात्मक लेखहरू विभिन्न राष्ट्रिय तथा अन्तर्राष्ट्रिय तहका जर्नल र पुस्तकहरूमा प्रकाशन गरिसक्नुभएको छ । डा. शेर्पाको अङ्ग्रेजी भाषामा 'द शेर्पाज्' The Sherpas (2007) नामक पुस्तक प्रकाशनमा आइसकेको छ । अनुसन्धानात्मक पुस्तकको रूपमा 'शेर्पा जातिको चिनारी' (२०११), 'दुरा संस्कृति र समुदायमा आधारित अनुगमन तथा सूचना प्रणाली' (२००६), 'ट्रेडिसनल आम्ची प्राक्टिसेस अमोङ्ग् इन्डिजिनियस कम्युनिटिज् इन् नेपाल' (२०१९) व्याँसी (रं) जातिको चिनारी (२०७८) र गोरखाका नुब्री जातिको समाजशास्त्रीय अध्ययन (२०८०) प्रकाशनमा ल्याइसक्नुभएको छ । विभिन्न प्रकाशनको सम्पादनसमेत गरी सक्नुभएका डा. शेर्पा विभिन्न सामाजिक संघ-संस्थाहरूमा आबद्ध हुनुहुन्छ । यसबाहेक उहाँले आदिवासी जनजाति सूची परिमार्जन उच्चस्तरीय कार्यदल, आदिवासी जनजातिको लागि आरक्षण व्यवस्था गर्न गठित समिति, बहुभाषिक शिक्षा कार्यक्रम स्टेयरिङ कमिटी र यूनेस्को नेपाल गरी विभिन्न कार्यदलहरूमा सदस्यको कार्यभारसमेत सम्हाली सक्नुभएको छ ।

## डा. भक्त राई

लेखक डा. भक्त राई भाषा, साहित्य, संस्कृति र दर्शन क्षेत्रका गम्भीर अध्यता हुनुहुन्छ । त्रिभुवन विश्वविद्यालयबाट लोकसाहित्य अन्तर्गत लोकगीत विधामा विधावारिधि (Ph.D.) गर्नु भएका डा.राई हाल संस्कृति र दर्शन क्षेत्रमा कृयाशील हुनुहुन्छ । बालसाहित्य, भाषा, संस्कृति, दर्शन र पाठ्यक्रममा आधारित गरेर दुई दर्जनभन्दा बढी ग्रन्थका लेखक डा.राईले राष्ट्रिय तथा अन्तर्राष्ट्रिय गोष्ठीमा पाँच दर्जनभन्दा बढी प्राज्ञिक कार्यपत्र प्रस्तुत गरेका छन् । १४ ओटा दर्शनको विवेचना गरिएको दक्षिण एसियाकै हालसम्मको पहिलो ग्रन्थ "पूर्वीय दर्शन"का लेखक डा.भक्त राई हाल नेपाल सरकार संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयमा संस्कृति विज्ञका रूपमा कार्य गर्नुभएको अनुभव समेत संगाल्नु भएको छ ।

## डा. कृष्णराज सर्वहारी

लेखक डा. कृष्णराज सर्वहारीले थारू संस्कृतिमा कृष्णचरित्र परम्पराको अध्ययन शीर्षकमा नेपाल संस्कृत विश्वविद्यालयबाट विद्यावारिधि (२०७६) गरेका उनी नेपाल प्रज्ञा प्रतिष्ठानका प्राज्ञसभा सदस्य हुनुहुन्छ । पेशाले पत्रकारिता पृष्ठभूमिका थारू आफ्नो थारू समुदायको अध्ययन अनुसन्धान गर्नमा गहिरो रुचि राख्नुहुन्छ । थारू साहित्यमा ठूलो योगदान रहेको थारूको पहिलो कृति थारू भाषाको पहिलो उपन्यास 'फुटल करम' (२०५५) रहेकोमा थारू भाषाको अन्य विधा बालकथा, बालकविता, लघुकथा, हास्यव्यंग्य, नियात्रा, हाइकु, मुक्तक लगायत सङ्ग्रहमा पनि पहिलो कृति प्रकाशित छन् । हालसम्म ३२ पुस्तक प्रकाशन गरेका उहाँले २ दर्जन भन्दा बढी पुस्तक र पत्रपत्रिका पनि सम्पादन गर्नुभएको छ ।

## Dr. Kshitij Subba

Author Dr. Kshitij Subba is an Advocate (Commercial and Criminal Law) of the Supreme Court of Nepal. He has also been working as an independent expert in research work in social science. Dr. Subba has hold PhD Degree in Sociology from Tribhuvan University (TU). Dr. Subba has experience working as an expert on issues related to the rights of Indigenous Peoples. He has conducted research on the Yakthum customary justice system.

## डा. सोमबहादुर धिमाल

लेखक डा. सोमबहादुर धिमाल "नेपालको धिमालमा भाषा र संस्कृति बीचको सम्बन्धको अन्वेषण" शीर्षकको समाजशास्त्र र व्यावहारिक भाषाविज्ञानमा विद्यावारिधि हुनुहुन्छ । डा. धिमालले सन् २०१२ देखि र त्यसपछि निरन्तर रूपमा नेपालमा सबै ICH सम्मेलन २००३, ICH इन्भेन्टरी, ICH नामांकन प्रक्रिया र ICH सुरक्षा योजनाहरूमा सक्रिय रूपमा भाग लिनुभएको छ । डा. धिमालले जिरेल समुदाय, पहाडी समुदाय र नेपालको पूर्वी राई समुदाय, मूर्त र अमूर्त सांस्कृतिक सम्पदा दस्तावेजीकरण कार्यहरू र UNESCO काठमाडौँ र MOCTCA द्वारा संयुक्त रूपमा आयोजित थप कार्यक्रमहरूमा काम गर्ने क्षेत्र सूची अनुभवहरू पनि सङ्कलन गर्नुभएको छ । उहाँसँग ADF/UNV, धिमाल MT पाठ्यपुस्तक लेखक, धिमाल साहित्य लेखकको रूपमा काम गर्ने अनुभव पनि छ । साथै दुई दशक भन्दा बढी शिक्षण अनुभव, डेढ दर्जन भन्दा बढी पुस्तक प्रकाशन, सामुदायिक अनुसन्धान कार्यहरू र सहजीकरणको रूपमा पनि काम गर्नुभएको अनुभव छ । उहाँसँग जातीय-भाषाविज्ञान, समाजशास्त्र, IPs को भाषाविज्ञान सर्वेक्षण, ICH तत्वहरू र डोमेनहरू, क्षएक र क्षएइक जातीयता, संस्कृति, इतिहास र पहिचानमा अनुसन्धान गर्ने, अनुवाद कार्य गर्ने, WB, IDEA International, NEFIN जलवायु परिवर्तन, NFDIN, NAFA, र नेपाल एकेडेमीसँग काम गर्नुभएको अनुभव पनि रहेको छ ।

## अजितमान तामाङ

लेखक अजितमान तामाङ, त्रि.वि.नेपालभाषा केन्द्रीय विभागका, भाषाविज्ञान विषयका विद्यावारिधिका शोधार्थी हुनुहुन्छ । तामाङले त्रिभुवन विश्वविद्यालयबाट मानवशास्त्रमा स्नातकोत्तर, बौद्ध अध्ययनमा शास्त्री र बौद्ध अध्ययनमा स्नातकोत्तर र इतिहासमा स्नातक गर्नु भएको छ । नेपाल सरकार, संस्कृति पर्यटन तथा नागरिक उड्यन मन्त्रालय मातहत रहेका लुम्बिनी विकास कोष (सास २०१२-२०१७) र बौद्ध दर्शन तथा गुम्बा व्यवस्थापन समिति (सास २००८/२००९) पूर्व-सदस्यसचिवका रुपमा कार्यसम्पादन गरी सक्नु भएको छ । लेखकका तामाङ जातिको संस्कृति, तामाङभाषा र लिपिका विषयमा दर्जन बढी पुस्तकहरू प्रकाशित छन् ।

## चन्द्रकुमार राई

लेखक चन्द्रकुमार राई हाल त्रि.वि.वि.बाट "किरात राई संस्कृति सुप्तुलुङ (पितृचुला)" शीर्षकमा शोधरत हुनुहुन्छ । राई विगत २६ वर्ष अगाडिबाट किरात राई संस्कृति, भाषा साथै नेपाली संस्कृति र इतिहासका विविध आयामहरूमा स्वतन्त्र लेखनमा संलग्न रहँदै आउनु भएको छ । राईको अनुसन्धानात्मक जर्नलहरूमा दुई दर्जनजति लेखहरू प्रकाशित छन् भने संस्कृतिसम्बन्धी पुस्तकहरू दर्जनभन्दा बढी प्रकाशित छन् । त्यसरी नै

नेपालका राष्ट्रिय दैनिकहरू गोरखापत्र, कान्तिपुर लगायतका पत्रिकाहरू साथै प्रज्ञा, कानून, मधुपर्क, गरिमा र हिमाल खवर पत्रिका लगायतका पत्रिकाहरूमा पनि उहाँको धेरै लेखहरु प्रकाशित छन् । राईको लेखन कार्यको लागि नेपाल सरकार तथा विविध संघसंस्थाहरुले सम्मानित तथा पुरस्कार पनि प्रदान गरेका छन् । उहाँले अनुसन्धानात्मक लेखहरू बाहेक पुस्तक तथा अन्य लेखहरूमा भने चन्द्रकुमार राई "हतुवाली" नामबाट लेख्दै आउनु भएको छ ।

## Khim Ghale

Author Khim Ghale is an independent researcher specializing in Indigenous peoples' issues, climate change, and media. He is currently documenting the traditional practices of Naalsabha, a declining customary self-governance institution of the Tamu (Gurung) people in Lamjung, to support efforts toward its revitalization. He is pursuing an MPhil leading to a PhD in Anthropology at Tribhuvan University. With extensive experience in journalism, he has worked with leading newspapers in Nepal. He is also a former fellow of the Hubert H. Humphrey Fellowship Program and the Office of the United Nations High Commissioner for Human Rights (OHCHR) Indigenous Fellowship program.

## कुमार यात्रु/टाँसी लामा ह्योल्मो

लेखक कुमार यात्रुको पूरा नाम कुमारप्रसाद तामाङ हो । हाल इन्डिजिनियस टेलिभिजनको प्रमुख कार्यकारी कार्यक्रम निर्माता रहेका यात्रुका परम्परागत आदिवासी ज्ञान (प्रथा परम्परा र अभ्यास), २०७८, नेपालको सञ्चार नीति तथा कानूनहरूमा आदिवासी जनजातिका सरोकारहरू (२०७७) लगायतका अनुसन्धानात्मक कृति प्रकाशित छन् भने अपेक्षा र यथार्थको कसीमा नेपालको सङ्घीयता (२०६४), सुरक्षित वैदेशिक रोजगार (२०७६) सहलेखनका पुस्तकहरू हुन् । विभिन्न दैनिक तथा साप्ताहिक पत्रिकाका सम्पादक भइसक्नुभएका यात्रु निर्देशित वृत्तचित्र, तथा नाटकहरू र सम्पादित पुस्तकहरू रहेका छन् ।

लेखक टासी लामा ह्योल्मो सञ्चारकर्मी तथा सामाजिक अभियन्ता हुन् । ह्योल्मो मिडिया ग्रुपका अध्यक्ष समेत रहका टासी ह्योल्मोले ह्योल्मो जातिसम्बन्धी अनुसन्धान गरेका छन् । हाल 'भेह्युल' नामक ह्योल्मो भाषाको टेलिभिजन कार्यक्रमका निर्देशक तथा कार्यक्रम निर्माता रहेका छन् ।  उनी हिमाली जोस नामक संस्थामा पनि आबद्ध छन् ।

❑❑